## नेपाली कांग्रेसको महाधिवेशन सम्बन्धमाः

**१. नियमित १५औं महाधिवेशनः**

**नेपाली कांग्रेसको विधानको धारा १७ उपधारा (१) र धारा ४३** को ब्यवस्था अनुसार २०७८ मंसिरमा सम्पन्न नेपाली कांग्रेसको चौधौं महाधिवेशनबाट निर्वाचित वर्तमान कार्यसमितिको ४ बर्षे कार्यकाल आगामी २०८२ मंसिर मसान्तभित्र समाप्त हुन्छ। २०८० मा सम्पन्न महासमिति बैठकमा २०८२ मंसिरमा पार्टीको १५औं महाधिवेशन सम्पन्न गर्ने गरी कार्यतालिका पेश गरेको र विधान बमोजिम तोकिएको समयमा नै महाधिवेशन सम्पन्न गर्ने प्रतिवद्धता समेत गरेको हुँदा देहाय बमोजिम आगामी मंसिर मसान्तभित्रै नियमित १५औं महाधिवेशन सम्पन्न गर्ने।

**कार्यतालिकाः**

**<u>नियमित महाधिवेशन विकल्प १</u>**

(वडा, क्षेत्रीय प्रतिनिधि, प्रतिनिधिसभा क्षेत्र र महाधिवेशन प्रतिनिधिको चयन गरी केन्द्रीय महाधिवेशन गर्ने।)

| क.सं. | **कार्यक्रम** | **तालिका** | **कैफियत** |
|---|---|---|---|
| १ | १५औं महाधिवेशनको लागि निर्वाचन समितिको गठन र जिम्मेवारी | चालु केन्द्रीय कार्य समितिको बैठकबाट | विधानको धारा ३५(१) बमोजिम<br>निर्वाचन समितिले विस्तृत कार्यतालिका तयार गरी प्राविधिक रुपमा कार्य प्रारम्भ गर्ने । |
| २ | नयाँ सदस्यता वितरण तथा नवीकरण भएका सदस्यताको इन्ट्री | २०८२ कार्तिक २१ सम्म<br><br>(तिहार र छठ समेतलाई ध्यान दिई २ हप्ता वडामा फारम भर्ने समय र १ हप्ता प्रतिनिधिसभा क्षेत्रबाट स्वीकृत गर्ने समयसिमा तोकी २१ कार्तिक भित्र टुङ्गाउने) | नयाँ क्रियाशील सदस्यता लिनको लागि ६७४३ वटै वडाबाट फारम भर्ने र प्रतिनिधिसभा क्षेत्रबाट सदस्यता प्रदान गर्नेगरी जेनजी लगायत नयाँ पुस्तालाई क्रियाशील सदस्यता वितरण गर्न पुनः कार्तिक २१ गतेसम्म समय सिमा प्रदान गर्ने। अनलाइनबाट समेत वडाबाट सदस्यता आवेदन दिन पाउने ब्यबस्था गर्ने।<br>नवीकरणको समय असोज मसान्तसम्म रहेकोमा पछिल्लो घटनाक्रम र विशेष परिस्थितिलाई |

| | | | |
|---|---|---|---|
| | | | ध्यान दिई इन्ट्रीको लागि समय तोक्ने।<br>(झण्झटिलो प्रक्रियालाई छोट्याउने) |
| ३ | नयाँ तथा नवीकरण सदस्यता टुङ्गाउने | कार्तिक मसान्तसम्म | विवाद र समस्या भएका स्थान पहिचान गरी सदस्यता रुजु तथा छानविन गर्ने अन्तिम टुङ्गोमा पुऱ्याउने । |
| ४ | क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने | २०८२ मंसिर ७ सम्म | अधिवेशन प्रक्रिया सुरु हुनुपूर्व नै सदस्यताको अन्तिम नामावली निर्वाचन समितिलाई उपलब्ध गराई अधिवेशण प्रक्रिया अगाडि बढाउने । |
| ५ | वडा अधिवेशन | २०८२ मंसिर १२-१३ भित्र | विधानको धारा ६ र ७ सँग सम्बन्धित |
| ६ | प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन,केन्द्रीय महाधिवेशन प्रतिनिधि चयन | २०८२ मंसिर २१ भित्र | विधानको धारा ११ सँग सम्बन्धित |
| ७ | नेपाली जनसम्पर्क समितिको अधिवेशन | २०८२ मंसिर २१ भित्र | विधानको धारा १४ सँग सम्बन्धित |
| ८ | **केन्द्रीय महाधिवेशन** | **२०८२ मंसिर २७,२८,२९** | विधानको धारा १५ देखि २१ सम्म सम्बन्धित |

**नोटः** केन्द्रीय निर्वाचन समितिले धारा ३५(२) (च) अनुसार निर्वाचनको विस्तृत क्यालेण्डर बनाउने त्यसो गर्दा महाधिवेशन समयमा नै सम्पन्न गर्ने सहजताको लागि वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयन, तथा प्रतिनिधिसभा क्षेत्रीय समिति र महाधिवेशन प्रतिनिधि चयन गरी सिधै केन्द्रीय महाधिवेशन हुनेगरी कार्यतालिका बनाउने। यी सम्बन्धित बाहेक अन्य तहगत कार्यसमितिको चयन केन्द्रीय महाधिवेशनपछि गर्न सकिन्छ।

**<u>नियमित महाधिवेशन विकल्प २</u>**

(सवै तहगत अधिवेशन सकेर केन्द्रीय महाधिवेशन गर्ने)

| क्र.स | कार्यक्रम | तालिका | कैफियत |
|---|---|---|---|
| १ | १५औं महाधिवेशनको लागि निर्वाचन समितिको गठन र जिम्मेवारी | चालु केन्द्रीय कार्य समितिको बैठकबाट | विधानको धारा ३५(१) बमोजिम<br>निर्वाचन समितिले विस्तृत कार्यतालिका तयार गरी प्राविधिक रुपमा निर्वाचनका कार्य प्रारम्भ गर्ने । |
| २ | नयाँ सदस्यता वितरण र नयाँ सदस्यता वितरण तथा नवीकरण भएका सदस्यताको इन्ट्री | २०८२ कार्तिक २१ सम्म (तिहार र छठ समेतलाई ध्यान दिई २ हप्ता वडामा फारम भर्ने समय र १ हप्ता प्रतिनिधिसभा क्षेत्रबाट स्वीकृत गर्ने समयसिमा तोकी २१ कार्तिक भित्र टुङ्गाउने) | नयाँ क्रियाशील सदस्यता लिनको लागि ६७४३ वटै वडाबाट फारम भर्ने र प्रतिनिधिसभा क्षेत्रबाट सदस्यता प्रदान गर्नेगरी जेनजी लगायत नयाँ पुस्तालाई क्रियाशील सदस्यता वितरण गर्न पुनः कार्तिक २१ गतेसम्म समय सिमा प्रदान गर्ने। अनलाइनबाट समेत वडाबाट सदस्यता आवेदन दिन पाउने ब्यबस्था गर्ने।<br>नवीकरणको समय असोज मसान्तसम्म रहेकोमा पछिल्लो घटनाक्रम र विशेष परिस्थितिलाई ध्यान दिई इन्ट्रीको लागि समय तोक्ने।<br>(झण्झटिलो प्रक्रियालाई छोट्याउने) |
| ३ | नयाँ तथा नवीकरण सदस्यता टुङ्गाउने र क्रियाशील सदस्यको नामावली केन्द्रीय निर्वाचन समितिलाई बुझाउने | कार्तिक मसान्तसम्म | विवाद र समस्या भएका स्थान पहिचान गरी सदस्यता रुजु तथा छानविन गर्ने अन्तिम टुङ्गोमा पुऱ्याउने ।<br>र<br>सदस्यताको अन्तिम नामावली निर्वाचन समितिलाई उपलब्ध गराई अधिवेशन प्रक्रिया अगाडि बढाउने । |
| ४ | वडा अधिवेशन | २०८२ मंसिर ५ | विधानको धारा ६ र ७ सँग सम्बन्धित |
| ५ | गाउँ-नगर/ उपमहानगर/महानगर पालिका अधिवेशन | मंसिर ८ | विधानको धारा ८ र ९ संग सम्बन्धित |
| ६ | प्रदेश सभा क्षेत्रीय अधिवेशन | मंसिर १२ | विधानको धारा १० संग सम्बन्धित |
| ७ | प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन, केन्द्रीय | २०८२ मंसिर १५ | विधानको धारा ११ सँग सम्बन्धित |

| | | | |
|---|---|---|---|
| | महाधिवेशन प्रतिनिधि चयन | | |
| ८ | नेपाली जन सम्पर्क समिति अधिवेशन | २०८२ मंसिर १५ भित्र | विधानको धारा १४ सँग सम्बन्धित |
| ९ | जिल्ला अधिवेशन | २०८२ मंसिर १८ | विधानको धारा १२ संग सम्बन्धित |
| १० | प्रदेश अधिवेशन | २०८२ मंसिर २१ | विधानको धारा १३ संग सम्बन्धित |
| ११ | **केन्द्रीय महाधिवेशन** | **२०८२ मंसिर** २७,२८, २९ | विधानको धारा १५ देखि २१संग सम्बन्धित |

**नोटः** निर्वाचन समितिले धारा ३५(२) (च) अनुसार निर्वाचनको विस्तृत क्यालेण्डर बनाउने त्यसो गर्दा विधान बमोजिम सवै तहका कार्यसमितिको समेत निर्वाचन गरी केन्द्रीय महाधिवेशन हुनेगरी कार्यतालिका बनाउने।

## २. अन्य विकल्प र विशेष प्रस्ताव

१. १४ औं महाधिवेशनमा भाग लिएका पार्टी कार्यालयमा भएको सदस्यता व्यबस्थापन तथा अभिलेख प्रणालीमा प्रविष्ट भैसकेका क्रियाशील सदस्यहरु(८७०४२० जसमा जनसम्पर्क समितिका १९५९२), १४ औं महाधिवेशनपछि क्रियाशील सदस्यता प्रदान गर्ने भनी निणर्य भए अनुसार स्वीकृत गरी नवीकरण भएका(१३९१७) र १४औं महाधिवेशनमा जिल्लाबाट नवीकरण छुट भइ केन्द्रबाट नवीकरण भएका (१३३२६) तथा केन्द्रबाट विधान बमोजिम प्रदान गरेका १४९ सदस्य समेत जम्मा ८ लाख ९७ हजार ८ सय १२ मध्ये यस कार्यवधिमा मृत्यु भएका र पार्टी परित्याग गरेका बाहेक सवै क्रियाशील सदस्यहरू र माथि उल्लेखित समयमा नयाँ क्रियाशील सदस्यता लिएका सवैलाई १५औं महाधिवेशनको प्रयोजनको लागि क्रियाशील सदस्यको रुपमा मान्यता दिने।यसले समयमा नै महाधिवेशन सम्पन्न गर्ने प्रक्रियालाई थप सहज बनाउनसक्छ।

२. पार्टीको आमूल सुधार गर्न, सदस्यता खुला र प्रक्रिया सहज बनाउदै निर्णय प्रक्रियामा आम सदस्यको निर्णायक स्थान हुनेगरी क्रियाशील सदस्यहरूको प्रत्यक्ष मतदानबाट सिधै नेतृत्व चयन गर्ने व्यबस्था गर्ने। यसको लागि केन्द्रीय कार्यसमितिले विधानको धारा २२(२) बमोजिम आवश्यक निर्णय गर्ने।

३. १४औं महाधिवेशन २०७८ पौष ६ मा सम्पन्न भएको हुँदा २०८२ मंसिर २७-२९ मा १५औं केन्द्रीय महाधिवेशनका लागि प्रस्तावित माथीको कार्यतालिका अनुसार काम गर्ने क्रममा व्यबहारिक कठिनाई भएमा ढिलोमा पौष पहिलो हप्तासम्म सम्पन्न गर्नेगरी कार्यतालिका परिमार्जनका लागि छलफल गर्न सकिन्छ।

४. अहिले विशेष र असामान्य परिस्थिति भएको हुँदा महाधिवेशनको विकल्प नरहेकोले माथी प्रस्ताव गरेका सवै विकल्प र कार्यतालिकामा उल्लेखित समयभित्र विधानको धारा १७(१) बमोजिम नियमित महाधिवेशन नगर्ने हो र गर्न नसकिने भन्ने हो भने यही केन्द्रीय कार्यसमितिको वैठकबाट विधानको धारा १७(२) मा भएको व्यबस्था अनुसार २०८२ मंसिर मसान्तभित्र विशेष केन्द्रीय महाधिवेशनको सुनिश्चित गर्ने।

५. सदस्यता वितरण र व्यबस्थापनका लागि १६५ वटै क्षेत्रमा १५ दिनको लागि केन्द्रबाट अधिकारसम्पन्न आवासीय प्रतिनिधि खटाउने।